आज मिति २०७७ साल असोज ३० गतेका दिन गरस ठाँकेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८को तेस्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो।

उपस्थिती:

| | | |
|---|---|---|
| १) श्री कुल बहादुर कुँवर | अध्यक्ष | |
| २) श्री निर्मलादेवी बुढथापा | सदस्य | |
| ३) श्री अमर बहादुर शाह | सदस्य | |
| ४) श्री कालु सिंह कुँवर | सदस्य | |
| ५) श्री कृष्ण बहादुर बुढा | सदस्य | |
| ६) श्री बालगिरी कुँवर | सदस्य | |
| ७) श्री कुजिरे साउँद | सदस्य | |
| ८) श्री प्रेमराज शर्मा | सदस्य | |
| ९) श्री मिठु सिंह भाट | सदस्य | |
| १०) श्री टेक बहादुर कुँवर | सदस्य | |
| ११) श्री ध्रुव बहादुर थापा | सदस्य | |
| १२) श्री लाल बहादुर खड्का | सदस्य | |
| १३) श्री गणेश बहादुर खड्का | सदस्य | |
| १४) श्री प्रकाश बहादुर राना | सदस्य | |
| १५) श्री सागर सिंह सोनार (बाक्ली) | सदस्य | |
| १६) श्री कर्ण बहादुर साउँद | सदस्य | |
| १७) श्री जित बहादुर निशानी (लुहार) | सदस्य | |
| १८) श्री दुरी देवी कुँवर | सदस्य | |
| १९) श्री सुरत बहादुर मुल | सदस्य | |
| २०) श्री सावी मिजार | सदस्य | |
| २१) श्री जयन्ती देवी बोगटी | सदस्य | |
| २२) श्री शंकर मुल | सदस्य | |
| २३) श्री सावित्री देवी कुँवर | सदस्य | |
| २४) श्री शान्ति देवी जोशी | सदस्य | |
| २५) श्री लक्ष्मी प्रताप शर्मा | सचिव | |

आमन्त्रित:

२६. श्री नृप विश्वकर्मा सहायक चौथो न.पा.को कार्यालय

प्रस्ताव:

१. रिपोर्टिङ,

२. दशैं तिहार शुभकामना आदान प्रदान कार्यक्रम सम्बन्धमा।

Scanned with CamScanner

३- नगर सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा,
४- पूर्व निर्मित घर अभिलेखीकरण सम्बन्धमा।
५- गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि २०७४ संशोधन सम्बन्धमा।
६- नगरपालिका तहमा गठित गुनासो व्यवस्थापन समितिमा सदस्य थप गर्ने सम्बन्धमा।
७- दशैं तिहारको समयमा विद्यालय सञ्चालन गर्ने सम्बन्धमा।
८- बेरोजगार व्यक्ति सूचिकृत गर्ने सम्बन्धमा।
९- करार नियुक्ति सम्बन्धमा।
१०- कोरोना जोखिम भत्ता उपलब्ध गराउने सम्बन्धमा।
११- विविध!
क) सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
ख) कार्यालय सहयोगी पारिश्रमिक सम्बन्धमा।
ग) मध्यमाण्डौं स्वास्थ्य चौकी बर्थिङ सेन्टर सूचिकृत गर्ने सम्बन्धमा।

निर्णयहरु!

निर्णय नं.-१!

प्रस्ताव नं.-१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुमा पछिल्लो अवस्थामा सञ्चालित गतिविधि तथा समसामयिक परिस्थितीका बारेमा सम्बन्धित वडाअध्यक्षहरुबाट रिपोर्टिङ कार्य भएको र कार्य-सञ्चालन गर्दा देखा परेका चुनौती, समस्या तथा ती समस्याको समाधानका लागि गरिएका प्रयासहरुको बारेमा प्रस्तुतीकरण पश्चात नगरपालिकामा सञ्चालित तथा सम्पन्न क्रियाकलाप, समसामयिक अवस्था आदिका बारेमा नगरप्रमुख-ज्यूबाट निर्देशनात्मक सम्बोधन भई आपसी समन्वय, सहकार्य र सहमतीका-साथ अगाडी बढ्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो।

निर्णय नं.- २!

प्रस्ताव नं.-२माथि छलफल गर्दा आउँदै गरेको विजया दशमी तथा शुभ दिपा-वलीको शुभ अवसरमा सञ्चालन गरिने शुभकामना आदान प्रदान कार्यक्रम यस बर्ष कोभिड-१९ का कारण सामाजिक सञ्जाल, सञ्चार माध्यम तथा प्रेसविज्ञ-प्ती जारी गर्दै एक अर्का बीच शुभकामना आदान प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ३!

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाबाट प्रवाहित सार्व-जनिक सेवा तथा नगरपालिकाको समग्र अवस्थाका बारेमा सेवाग्राही नागरिकहरु बीच साक्षात्कार गर्ने अभिप्रायले यही मिति २०७७ साल कार्तिक २६ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

क्रमशः

निर्णय नं. ४:

प्रस्ताव नं.- ४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा भवन निर्माण मापदण्ड लागु हुनु पूर्व निर्मित घरहरुको (नक्सा पास) अभिलेखीकरण कार्य २०७८ साल असार मसान्त भित्रको समयावधि तोक्ने र अभिलेखीकरण दस्तुर प्रतिवर्गफिट रु. ६।- (छ) कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ५:

प्रस्ताव नं.- ५ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि- २०७४ को परिच्छेद - दुई, ~~व~~ दफा २.४, उपदफा (क) मा "कुनै विषयको बारेमा जानकारी माग गरेको सम्बन्धी निवेदनको हकमा निवेदन दर्ता भएको कार्यालय अनुसार नगरपालिकाको कार्यालय वा वडा कार्यालय मार्फत २४ घण्टा भित्र सम्बोधन गरिनेछ" भन्ने वाक्यांशमा संशोधन गरी "<u>२४ घण्टा</u>~~को~~ भित्रको" सट्टा सातदिन भित्र भन्ने वाक्यांश कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो। त्यसैगरी सोही कार्यविधि- को परिच्छेद -चार, दफा ४.२ अन्तर्गत रहेको "गुनासो सम्बोधनको प्रारम्भिक चरणमा सम्बन्धित निकायमा तोकिएको गुनासो सुन्ने अधिकृतले प्राप्त गुनासोको अनुसूची-१ बमोजिम अभिलेखीकरण गर्ने र प्राप्त गुनासोलाई प्राप्त भएको मितिले <u>२४ घण्टा</u> भित्र गुनासो व्यवस्थापन समितिको प्रमुख समक्ष पेश गर्नुपर्नेछ र प्रमुखबाट तत्काल सम्बोधन हुन सक्नेलाई सम्बोधन गर्ने र नसक्नेलाई समिति मार्फत सम्बोधन गर्न निर्देशित गरिनेछ" भन्ने वाक्यांशमा संशोधन गरी "२४ घण्टा भित्रको" सट्टा सातदिन भित्र ~~कायम~~ भन्ने वाक्यांश कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको गुनासो व्यवस्थापन समितिको सदस्य पदमा साँफेबगर नगरपालिका वडा नं.- ४ का वडा अध्यक्ष एवं नगर प्रवक्ता श्री बालागिरी कुँवर र सूचना प्रविधि अधिकृत एवं सूचना अधिकारी श्री कविता कुँवर ज्यूलाई नियुक्त गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ७:

प्रस्ताव नं.- ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका विद्यालयहरु आउँदै गरेको विजया दशमी तथा दिपावलीको समयलाई मध्येनजर गरी यही मिति २०७७ साल ~~असोज~~ कार्तिक १ गते (घटस्थापना) देखि २०७७ साल ~~असोज~~ कार्तिक १५ गते (पूर्णिमा) सम्म विद्यालय बन्द गर्ने र २०७७ साल कार्तिक १६ गते देखि सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ८:

प्रस्ताव नं.- ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १४ वटै वडा कार्यालय मार्फत रोजगार सेवा केन्द्रमा रीतपूर्वक सूचीकृत हुनका लागि पेश भएका बेरोजगार व्यक्तिहरुको सूची तपसिल बमोजिम सूचीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner

तपसिल :

| वडा नं. | बेरोजगार व्यक्तिको संख्या |
| --- | --- |
| १ | १२४ जना |
| २ | २८४ " |
| ३ | १४५ " |
| ४ | १७८ " |
| ५ | १४० " |
| ६ | १५८ " |
| ७ | १०२ " |
| ८ | २१७ " |
| ९ | ७१ " |
| १० | १९८ " |
| ११ | ३२२ " |
| १२ | ७३ " |
| १३ | १४३ " |
| १४ | ४७० " |
| जम्मा - | २६६१ " |

निर्णय नं. ९:

प्रस्ताव नं. -९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाअन्तर्गत रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा सेवा करार मार्फत पदपूर्तिकालागि विज्ञापन आव्हान गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल

क) कानुन अधिकृत - अधिकृत छैठौं
ख) वैद्य - सहायक चौथो
ग) स्वीपर - श्रेणी विहिन

निर्णय नं. -१०।

प्रस्ताव नं. -१० माथि छलफल गर्दा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनमा अग्रभागमा रही खटिने यस साँफेबगर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई सङ्घीय सरकारबाट हस्तान्तरित (शसर्त चालु अनुदान) बाट कोरोना जोखिम भत्ता उपलब्ध गराउनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

क्रमशः

Scanned with CamScanner

निर्णय नं. ११।

प्रस्ताव नं. ११ विविध (क) माथि छलफल गर्दा नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारहरूले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्ताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रममा उल्लेख भएको विषयलाई कार्यान्वयन गर्न सुरक्षित आवास समन्वय समिति अड्डाको मिति २०७७ असोज २५ गतेको निर्णयानुसार यस साँफेबगर नगरपालिकालाई प्राप्त १९३ घर निर्माणका लागि कार्य प्रक्रिया अगाडी बढाउने सो का लागि यस साँफेबगर नगरपालिका वडा नं. ११ देविस्थानको गुना र वडा नं. १२ खप्तडको बल्यालतमा पहिलो चरणको कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१२।

प्रस्ताव नं.-११ विविध (ख) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर अड्डामा कार्यरत कार्यालय सहयोगी डबल बहादुर के.सी. र कर्ण सिंह बुढाको पारिश्रमिक न्यून भई जीवनयापन गर्न समस्या रही वर्तमान महंगीलाई समेत मध्यनजर गरी मिति २०७७ श्रावण १ गते देखि लागू हुने गरी कार्यालय सहयोगी-(सहायक प्रथम) श्रेणी विहीनले पाउने शुरु तलब स्केल बमोजिमको पारिश्रमिक उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१३।

प्रस्ताव नं.-११ विविध (ग) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं.-४, मष्टामाण्डौंमा अवस्थित मष्टामाण्डौं स्वास्थ्य चौकी अन्तर्गत बर्थिङ सेन्टर स्थापनाका लागि भौतिक संरचनाका साथै प्रसुतिका लागि दक्ष जनशक्ति समेत को व्यवस्था भईसकेकोले उक्त बर्थिङ सेन्टरलाई यस नगरपालिकामा सूचिकृत गरी सञ्चालन गर्न मष्टामाण्डौं स्वास्थ्य चौकी साँफेबगर न.पा. ४, मष्टामाण्डौं अड्डामलाई अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१४।

प्रस्ताव नं. ११ विविध (घ) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं.-०४, मष्टामाण्डौं स्वाल्सैनमा अवस्थित हिमालय माध्यमिक विद्यालय यस नगरपालिकाको केन्द्र भागमा रही जनसंख्या तथा भौगोलिक दृष्टिकोणबाट समेत यस्तो विद्यालयमा सबै प्रकारका बालबालिकाहरूको पहुँच रही शिक्षा हासिल गर्न सक्ने प्रबल सम्भावना रहनुका साथै ठूला विद्यालय भवनका लागि पूर्वाधार समेत नहेको-

Scanned with CamScanner

ले उक्त विद्यालयलाई ठूलो विद्यालय विकास गर्न सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner